# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८३/०१/१३**

गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दार्चुला जिल्ला अन्तरगत अपिहिमाल गाउँपालिका, मार्मा गाउँपालिका, नौगाड गाउँपालिका दार्चुला र डिलासैनी गाउँपालिका वैतडीमा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ, सिचाइ तथा बहुउपयोगी योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, र उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

तपसिलः

| सिलबन्दी दरभाउपत्र नम्बर | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित र भ्याट रकम सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| NRM_SQ-001\|082/083 | खार खानेपानी तथा सरसफाइ योजना, नौगाड-३ | ४११५४७४।५२ (अक्षरुपी एकचालिस लाख पन्ध्र हजार चार सय चौहत्तर रुपया बयालिस पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | नौगाड-३, खार |
| NRM_SQ-002\|082/083 | चोट्के खानेपानी तथा सरसफाइ योजना ( दोश्रो), नौगाड ४ -डाँडा | ३१,५४,२४५।६५ (अक्षरुपी एकतीस लाख चौवन्न हजार दुई सय पैचालीस रुपया पैसठ्ठी पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | नौगाड-५ होपरीगाड |
| NRM_SQ-003\|082/083 | थम्पेखोला वृहत खानेपानी आयोजना अन्तरगत (कुलवान खानेपानी तथा सरसफाइ योजना) नौगाड – ४ होपरी | २७,६८,५७५।७६ (अक्षरुपी सत्ताइस लाख अठसठ्ठी हजार पाँच सयपचहत्तर रुपया छहत्तर पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | नौगाड-५ होपरीगाड |
| DRM SQ-001\|082/083 | कपडे गोगने खानेपानी तथा सरसफाइ योजना,डिलासैनी -२ | १२,९३,८५२।४१ (अक्षरुपी वाह्र लाख त्रिनाब्बे हजार आठ सय वाउन्न रुपया एकचालीस पैसा मात्र) | १,०००।०० (अक्षरुपी एक हजार रुपया मात्र) | डिलासैनी-२ गन्ना |

**शर्तहरुः**

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित गाउँपालिकाको कार्यालय तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतको ईमेल तथा वेभपेजबाट प्राप्त गर्न सकिने छ ।
तपसिलः
नौगाड गाउँपालिका वेभसाईटः www.naugadmun.gov.np। डिलासैनी गाउँपालिका वेभसाईटः www.dilasainimun.gov.np
परियोजनाकोः www.laccp.org.np

२) दरभाउपत्र पेश गर्दा दरभाउ पत्र पेश गरिसक्नु पर्ने मिति पूर्व तोकिएको दस्तुर पछि फिर्ता नहुने गरी योजना सञ्चालन हुने गाउँपालिकाको तपसिलको बैंक खातामा जम्मा गरेको सक्कलै भौचर सहित फर्म वा सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० बजे भित्र कार्यालय समय भित्र सम्बन्धित गाउँपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्राविधिक सहयोग इकाई दार्चुला, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ।दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।
तपसिलः

| गाउँपालिकाको नाम | बैंकको नाम | खाताको विवरण /खाता नं. |
|---|---|---|
| नौगाड गाउँपालिका | ग्लोबल आई.एम.ई. बैंक लिमिटेड | ग-१.१ आन्तरिक राजश्व खाता नौगाड-२६५०४०१००००००७ |
| डिलासैनी गाउँपालिका | कुमारी बैंक लिमिटेड | आन्तरिक राजश्व खाता-०८८००३४२४२४००००८ |

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरीयो सूचना प्रकाशित भएको मितिले ११औं (एघारौं) दिन नौगाड गाउँपालिका र डिलासैनीको कार्यालयमा दिउसो १२ बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरू परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाहरूको सूचना पाटी तथा गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, प्राविधिक सहयोग इकाई खलंगा दार्चुला बाट जानकारि गरिनेछ ।

११) अन्य थप जानकारी चाहिएमा गाउँपालिका जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयन इकाईमा सम्पर्क गर्न सकिनेछ ।

संयोजक
खरिद समिति

**संयुक्त खरिद समिति**